# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२ ] काठमाडौं, ज्येष्ठ ३ गते २०१९ साल [ अतिरिक्ताङ्क ५

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालय (खानी विभाग)

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको खनिज ठेक (संशोधन) एकीकरण नियमहरू, २०१८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

खनिज (ठेक) नियमहरू, २०१३ र खनिज (ठेक) नियम, (प्रथम संशोधन) २०१७ लाई संशोधन र एकीकरण गर्नु वाञ्छनीय भएकोले,

नेपाल खानी ऐन, २०१३ को दफा ४ र दफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यी नियमहरू बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः–(१) यी नियमहरूको नाम "खनिज ठेक (संशोधन र एकीकरण) नियमहरू, २०१८" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः–विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "ऐन" भन्नाले नेपाल खानी ऐन, २०१३ सम्झनुपर्छ ।

(ख) कुनै खनिज पदार्थको सम्बन्धमा "खोज तलास" भन्नाले सो खनिज पदार्थको जांच पडताल गर्ने कामलाई समेत जनाउंछ ।

(ग) कुनै खनिज पदार्थको सम्बन्धमा "खानी खोल्ने" भन्नाले खोज तलास गरेको खानीबाट खनिज पदार्थ झिक्ने कामलाई समेत जनाउंछ ।

(घ) "तोकेको" भन्नाले श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको सम्झनुपर्छ ।

(ङ) "अनुमतिपत्र" भन्नाले नियम ५ बमोजिम दिइएको अनुमतिपत्र सम्झनुपर्छ ।

(च) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनुपर्छ ।

(छ) "विभाग" भन्नाले श्री ५ को सरकारको खानी विभाग संझनु पर्छ ।

३. व्याख्या गर्ने अधिकारः—यी नियमहरूको व्याख्या गर्ने अन्तिम अधिकार श्री ५ को सरकारमा सुरक्षित रहेको छ ।

४. खानीको ठेक्का दिने अधिकारः—खानीको ठेक्का वा अनुमतिपत्र दिने वा नदिने अन्तिम अधिकार श्री ५ को सरकारमा सुरक्षित गरेको छ र श्री ५ को सरकारले कुनै खनिज पदार्थको सम्बन्धमा खानीको ठेक्का वा अनुमतिपत्र दिने वा ठेक्का वा अनुमतिपत्र नदिई अरू नै प्रकारको व्यवस्था गर्न पनि सक्छ ।

## परिच्छेद—२

### अनुमतिपत्र

५. अनुमतिपत्र लिनेः—(१) यी नियमहरू बमोजिम कुनै खनिज पदार्थको सम्बन्धमा खानीको ठेक्का लिन पाउने गर्न अनुमतिपत्र लिन चाहने व्यक्तिले अनुसूची १ बमोजिमको ढांचाको दरखास्त विभागमा दिनुपर्छ ।

(२) उपनियम १ बमोजिमको दरखास्त परेपछि विभागले दरखास्तवाला सो खनिज पदार्थको विशेषज्ञ वा त्यस्तो विशेषज्ञलाई लगाई काम गराउन सक्ने व्यक्ति हो होइन र तत्सम्बन्धी आवश्यक अरू कुराहरूसमेतको विचार गरी अनु मतिपत्र दिन उपयुक्त देखेमा दरखास्तवालालाई निजबाट प्रत्येक अनुमतिपत्र बापत ने.रू. २००।– दस्तूर लिई वा खनिज पदार्थको महत्वको विचार राखी सोभन्दा घटी दस्तूर लिई वा कुनै दस्तूर नलिई अनुमतिपत्र दिन सक्नेछ ।

(३) विभागले अनुमतिपत्र दिंदा प्रत्येक खनिज पदार्थ बापत एउटा अनुमतिपत्र दिनुपर्छ र दस्तूर लिनेमा प्रत्येक अनुमतिपत्र बापत दस्तूर लिनुपर्छ ।

६. अनुमतिपत्रको अवधिः—(१) नियम ५ बमोजिम दिइएको प्रत्येक अनुमतिपत्र सो पाएको सालको चैत्र मसान्तसम्म बहाल रहनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अनुमतिपत्रको म्याद बढाउन चाहने व्यक्तिले अनुमतिपत्रको म्याद भुक्तान नहुँदै विभागमा दरखास्त दिनुपर्छ । त्यस्तो दरखास्त परेपछि विभागले दरखास्तवालालाई निजबाट प्रत्येक अनुमतिपत्रको म्याद थप बापत ने.रू. १००।– दस्तूर लिई वा खनिज पदार्थको महत्वको विचार राखी सोभन्दा घटी दस्तूर लिई वा कुनै दस्तूर नलिई एक पटकमा १ वर्षको म्याद थप दिन सक्नेछ ।

(३) खोज तलास र खानी खोल्ने काम गर्ने व्यक्तिले सो काम चालू राखेसम्म साल सालको लागि आफ्नो अनुमतिपत्रको म्याद थप गराउनुपर्छ ।

## परिच्छेद–३

### खोज तलास गर्ने ठेक्का

खोज तलास गर्ने ठेक्का:–(१) अनुमतिपत्र पाएको व्यक्तिले खोज तलास गर्ने ठेक्का लिन चाहेमा अनुसूची २ बमोजिमको ढांचाको दरखास्त नियम ८ बमोजिमको दस्तूरसमेत राखी विभागमा दिनुपर्छ ।

(२) उपनियम १ बमोजिम दरखास्त परेकोमा विभागले दरखास्तवालालाई दुई वर्षको निमित्त खोज तलास गर्ने ठेक्का दिन सक्नेछ ।

८. खोज तलास गर्ने क्षेत्रफल र दस्तूर:–(१) खोज तलास गर्ने कामको लागि विभागले घटीमा १ वर्गमीलको दशांशदेखि बढीमा एकशय वर्गमीलसम्मको क्षेत्रफलमा खोज तलास गर्ने ठेक्का दिन सक्नेछ र यस्तो क्षेत्रफलमा पहिलो एक वर्गमीलको निमित्त ने. रू. पचास र त्यसदेखि बढी प्रत्येक वर्गमील अथवा एक वर्गमीलको जुनसुकै अंकको पनि ने. रू. दशको दरले खोज तलास दस्तूर लाग्नेछ ।

तर खोज तलास गर्ने क्षेत्रफल एक वर्गमीलभन्दा कम रहेछ भने पहिले एक वर्गमीलमा लाग्ने अंकको दामासाहीले दस्तूर लाग्नेछ ।

(२) उपनियम (१) बमोजिमको क्षेत्रफलको लमाइ त्यस क्षेत्रफलको चौडाइको पांचगुणाभन्दा बढी हुनेछैन ।

९. म्यादभित्र काम शुरू गर्नुपर्ने:– (१) नियम ७ बमोजिम ठेक्का पाएका व्यक्तिले आफूले ठेक्का पाएका मितिले नब्बे दिनभित्र काम शुरू गर्नुपर्छ ।

(२) उपनियम (१) मा तोकिएको म्यादभित्र काम शुरू नगरी म्याद नाघेमा विभागले ठेक्का तोड्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दैवी परी म्यादभित्र काम शुरू गर्न नपाएको भन्ने निश्चय भएमा श्री ५ को सरकारले बढीमा नब्बे दिनसम्म म्याद थप दिन सक्नेछ ।

१०. धरौटी दाखिल गर्नुपर्ने:–(१) खोज तलास गर्ने ठेक्का लिने व्यक्तिले आफूले ठेक्का लिएको प्रत्येक वर्गमीलको निमित्त ने.रू. एकशयका दरले धरौटी दाखिल गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर विभागले धरौटी दाखिल गर्नुनपर्ने गरी वा एकशय रुपैयांभन्दा घटीको दरले धरौटी लिई खोज तलास गर्ने ठेक्का दिन सक्नेछ।

११. प्रतिएकड दस्तूरः–(१) खोज तलास गर्ने ठेक्का पाएका व्यक्तिले नियम ८ मा तोकिएको दस्तूरको अतिरिक्त आफूले ठेक्का पाएको जमीनको प्रतिएकड ने.रू. दश पैसाका दरले वार्षिक एकड दस्तूर विभागमा बुझाउनु पर्दछ। तर विभागले यस्तो दस्तूर नलाग्ने पनि गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम बुझाउनु पर्ने दस्तूर ठेक्का पाएको सालको निमित्त सो ठेक्का लिन अगावै र त्यसपछिको प्रत्येक सालको निमित्त त्यसको अघिल्लो सालको चैत्र मसान्तभित्र बुझाउनुपर्छ।

१२. खोज तलास गर्ने सुविधाः–(१) खोज तलास गर्ने ठेक्का पाएको व्यक्तिले आफूले ठेक्का पाएको क्षेत्रभित्र देहायका कामहरू गर्न सक्नेछः–

(क) क्षेत्रभित्र खोस्त्री, खनी, दूलो छेंडी खोज तलास गर्नु,

(ख) ठेक्काको म्यादभित्र झिकेका खनिज पदार्थ सो खनिजको महत्वको विचार राखी व्यापार गर्न बाहेक विश्लेषण (आनालेसिस) वा परीक्षण (टेष्टिङ्ग) गर्न वा गराउन र विभागको स्वीकृति लिई नमूनाको निमित्त बढीमा पांच मनसम्म कोरा अथवा तयारी खनिज भन्सार महसूल नतिरी र सोभन्दा बढी भए भन्सार महसूल तिरी निकासी गर्न,

(ग) आफूले पाएको ठेक्कामा तोकिएको खनिज पदार्थको खोज तलासको निमित्त नफाडी नहुने झाडी फाड्न र खोज तलास कामको निमित्त र निजी व्यवहारको निमित्तसम्म आफूले ठेक्का पाएको क्षेत्रमा भएको रुख स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटको आदेश लिई सरकारी मोल, दस्तूर बुझाई काट्न, तर सो बिक्री गर्न पाउंदैन,

(घ) खोज तलास गर्ने कामको निमित्त र सो काममा लगाइएका व्यक्ति-हरूलाई चाहिने पानी खोज तलास गर्ने क्षेत्रभित्र वा बाहिरबाट समेत ल्याई उपयोग गर्न,

तर सरजमीनका मानिसलाई बाधा पर्ने गरी सो पानी खर्च गर्न वा उपयोग गर्न पाउंदैन।

(ङ) खोज तलास गर्ने कामकोनिमित्त चाहिने मशीन, कलपूर्जा वा सरसामान राख्ने र काम गर्ने मानिसहरू बस्ने छाप्रो बनाउन,

(च) ज्यू धन रक्षाको निमित्त चाहिने हातहतियार, गोलीगठ्ठा र खोज तलासकोनिमित्त चाहिने विष्फोटक पदार्थ तोकेको तरीकाबाट राख्न र प्राप्त गर्न।

४२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खोज तलास गर्ने ठेक्का पाएको व्यक्तिले खोज तलासको लागि प्रयोगमा ल्याइने औजार तथा मेशीनरीहरू कति मात्रामा चाहिने हो सो सामानहरू विदेशबाट पैठारी गर्न चाहिने विदेशी मुद्राको प्रबन्धको लागि विभागमा दरखास्त गरेमा विभागले हेरी आवश्यकतानुसार उपलब्ध गराइदिन कोशिश गरिदिनेछ ।

१३. शर्त बन्देजः–खोज तलास गर्ने ठेक्का पाएका व्यक्तिले देहायका शर्त बन्देजभित्र रही काम गर्नुपर्छः–

(क) विभागमा बुझाउनुपर्ने दस्तूर यी नियमहरूमा लेखिएको समयमा र नलेखिएकोमा तोकेको समयमा बुझाउनुपर्छ ।

(ख) ठेक्का पाएको क्षेत्रभित्रको कसैको घर जग्गा रूख बालीमा हानि नोक्सानी नहुने गरी काम गर्नुपर्छ ; कसैको कुनै किसिमको सम्पत्तिमा कुनै प्रकारको हानि नोक्सानी हुने भएमा ठेक्का पाउने व्यक्ति र हानि नोक्सानी हुने व्यक्तिको मञ्जूरी भएमा सो मञ्जूरी बमोजिम र मञ्जूरी नभएमा स्थानीय बडाहाकिम वा मेजिष्ट्रेट छेउ रिपोर्ट गरी भएका निकासा बमोजिम गर्नुपर्छ ।

(ग) खोज तलासको काम गर्दा कुनै दुर्घटना परी कुनै व्यक्तिको मृत्यु भएमा वा आफूले ठेक्का पाएका क्षेत्रभित्र कसैको धन सम्पत्तिको हानि नोक्सानी हुन आएमा वा हुने सम्भावना देखिएमा सरोकारवालालाई तुरुन्त सूचना र स्थानीय बडाहाकिम वा मेजिष्ट्रेट कहां तुरुन्त रिपोर्ट गर्नुपर्छ ।

(घ) ठेक्काको म्याद भुक्तान भएको मितिले तीस दिनभित्रमा आफूले ठेक्का पाएका क्षेत्रको खोल्टो, चनक, टोपा र मासिएका जग्गा पुरी बार लगाउनुपर्ने ठाउंमा बारसमेत लगाई त्यस क्षेत्रलाई यथा स्थितिमा राख्नुपर्दछ र त्यस क्षेत्रभित्र जसलाई जे जे किसिमको भुक्तानी दिनुपर्ने हो, सो सबै भुक्तानी दिनुपर्दछ ।

(ङ) नेपाल कानूनभित्र रही जनतासंग मेलजुल राखी काम गर्नुपर्छ ।

(च) ठेक्काको म्याद भुक्तान भएको नब्बे दिनभित्र आफूले ठेक्का पाएका क्षेत्रबाट आफ्नो सबै मालसामान हटाउनु पर्दछ । अन्यथा सो मालसामान श्री ५ को सरकारको हुनेछ ।

(छ) आफूले ठेक्का पाई गरेको सबै कामको र खोज तलास गरेको क्षेत्रभित्रको भौगर्भिक स्थितिको र खनिज पाइने सम्भावनासमेतको टेक्निकल रिपोर्ट विभागमा पेश गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. ठेक्का नामसारी गर्न पाउने:–(१) यी नियमहरू बमोजिम खोज तलास गर्ने ठेक्का पाएको व्यक्तिले आफूले पाएको ठेक्का नियम ५ बमोजिम अनुमतिपत्र पाएको कुनै व्यक्तिलाई दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम आफ्नो नामको ठेक्का अन्य व्यक्तिलाई दिंदा यसरी दिए बापत विभागमा एकसय रूपैयां नामसारी दस्तूर बुझाउनु पर्छ।

## परिच्छेद–४

### खानी खोल्ने ठेक्का

१५. खानी खोल्ने ठेक्का:–(१) विभागले चाहेमा कुनै खानीलाई खानी खोल्ने ठेक्कामा दिन सक्नेछ र साधारण खोज तलास गर्ने ठेक्का लिई सन्तोषजनक काम गरेको व्यक्तिहरूलाई खानी खोल्ने ठेक्का दिइनेछ।

(२) खानी खोल्ने ठेक्का बढीमा पच्चीस वर्षको निमित्त दिन सकिनेछ।

(३) खानी खोल्ने ठेक्का लिन चाहने व्यक्तिले अनुसूची ३ बमोजिमको ढांचाको दरखास्त ने.रू. दुईसय दस्तूरसमेत राखी विभागमा दिनुपर्दछ।

तर विभागले हेरी ने.रू. पच्चीसमात्र दस्तूर लिई दरखास्त लिन सक्नेछ।

१६. दस्तूर फिर्ता हुने:–(१) नियम १५ बमोजिम दाखिल भएको दस्तूर देहायको अवस्थामा दरखास्तवालाले फिर्ता पाउन सक्नेछ:–

(क) कुनै कारणवश खानी खोल्ने ठेक्का नपाउने भएमा, वा

(ख) खानी खोल्ने ठेक्का नपाउंदै दरखास्तवालाको मृत्यु भई निजको हकवालाले सो दस्तूर फिर्ता लिनचाहेमा।

(२) दरखास्तवालाले खानी खोल्ने ठेक्का लिइसकेपछि दस्तूर फिर्ता गरिनेछैन।

१७. म्यादभित्र काम शुरू गर्नुपर्ने:–(१) खानी खोल्ने ठेक्का पाएका व्यक्तिले आफूले ठेक्का पाएको एकसय असी दिनभित्र काम शुरू गर्नुपर्छ।

(२) उपनियम (१) मा तोकिएको म्यादभित्र काम शुरू नगरी म्याद नाघेमा विभागले ठेक्का तोड्न सक्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दैवी परी म्यादभित्र काम शुरू गर्न नपाएको भन्ने निश्चित भएमा श्री ५ को सरकारले बढीमा नब्बे दिनसम्म म्याद थप दिन सक्नेछ।

१८. खानी खोल्ने क्षेत्रफल:–विभागले घटीमा १ वर्गमीलको दशांशदेखि बढीमा दश वर्गमील-सम्मको क्षेत्रफलमा खानी खोल्ने अनुमति दिन सक्नेछ र खानी खोल्ने क्षेत्रफलको लमाइ कोइला वर्गको खनिज भए चौडाइभन्दा दुईगुणा र अरू धातु वा अधातु खनिज भए चौडाइभन्दा चारगुणासम्ममात्र बढी हुन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. रोयल्टी र एकड दस्तूरः–(१) खानी खोल्ने ठेक्का पाउने व्यक्तिले लिए बापतः–

(क) पहिलो सालको निमित्त प्रति एकड ने.रू. दश पैसाका दरले र दोस्रो सालदेखि सालैपिच्छे प्रतिएकड ने.रू. दश पैसा बढीका दरले रोयल्टी बुझाउनु पर्दछ । तर रोयल्टीको माथिल्लो हद प्रतिएकड ने.रू. एक-रुपैयाँभन्दा बढी हुनेछैन ।

(ख) पहिलो सालको निमित्त ने. रू. दश पैसाको दरले र दोस्रो सालदेखि सालैपिच्छे प्रतिएकड ने.रू. दश पैसा बढीका दरले एकड दस्तूर बुझाउनुपर्छ । तर एकड दस्तूरको माथिल्लो हद प्रति-एकड ने.रू. एकरुपैयाँभन्दा बढी हुनेछैन । विभागले एकड दस्तूर नलिने गर्न पनि सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बुझाउनुपर्ने दस्तूरहरू ठेक्का लिएको सालको निमित्त ठेक्का लिनुभन्दा अघि नै र त्यस पछिको प्रत्येक सालको निमित्त त्यसको अघिल्लो सालको चैत्र मसान्तभित्रै बुझाउनुपर्छ ।

२०. धरौटी दाखिल गर्नुपर्नेः– खानी खोल्ने ठेक्का लिने व्यक्तिले प्रत्येक ठेक्काको निमित्त देहाय बमोजिमको धरौटी विभागमा दाखिल गर्नुपर्छः–

(क) धातुवर्ग खनिज भए नें.रू. दुईहजार ।

(ख) अधातुवर्ग खनिज भए ने.रू. एकहजार ।

तर विभागले धरौटी दाखिल गर्नु नपर्नेगरी वा उपरोक्त अंकभन्दा घटी धरौटी लिई खानी खोल्ने ठेक्का दिन सक्नेछ ।

२१. धरौटी फिर्ता हुनेः–(१) खानी खोल्ने ठेक्का पाए बमोजिम काम गर्दै जांदा ठेक्काको अवधिभरमा पनि काम नहुने भई ठेक टुटाउने अवस्था परी काम भएको टेक्निकल रिपोर्ट साथ दरखास्त गरेमा विभागले दरखास्त परेका पछिल्ला सालदेखि ठेक्का तोड्ने अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ठेक्का तोडिएपछि ठेक्का पाउने व्यक्तिले नियम २० बमोजिम राखेको धरौटी फिर्ता पाउन सक्नेछ ।

२२. खानी खोल्ने सुविधाः–(१) खानी खोल्ने ठेक्का पाएका व्यक्तिले आफूले ठेक्का पाएको क्षेत्रभित्र देहायका कामहरू गर्न सक्नेछः–

(क) खनिज पदार्थ झिक्नलाई टोपा, टनेल चनक, इत्यादि खन्न, खोल्न र सो टोपा, टनेल, चनक गहिर्याउन, ठूलो बनाउन र हावापानीको सुव्यवस्थाको लागि थप टोपा, टनेल, चनकहरू खन्न,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खनिज पदार्थ झिक्न, फुटाउन, धूलोपार्न, पिन्न, केलाउन, गाल्न कोरा अथवा परिणत रूपमा पूरा भन्सार महसूल तिरी वा त्यसको केही तोकेको अंक तिर्नु नपर्ने गरी निकासी गर्न,

(ग) ठेक्का पाएका खनिज पदार्थको कामको निमित्त चाहिने कल सामान, मेशीन, सवारी, डुङ्गा, ज्याभलहरू ल्याउन र प्लाण्ट, कारखाना फर्नेस, कोक ओभन, ईंट पोल्ने भट्टा, ज्यासल, भण्डार घर, काम गर्ने मानिस बस्ने घर बनाउन,

(घ) ट्राम लाइन, रेल्वे लाइन, रोपलाइन र पानी घाट बनाउन,

(ङ) घर, गोदाम, कारखाना, बाटो, रेल्वे लाइन इत्यादि बनाउन चाहिने ढुङ्गा, ईंट, बनाउन चाहिने माटो आफ्नो क्षेत्र भित्रबाट लिन,

तर त्यस्तो ढुङ्गा, ईंट र माटो बिक्री गर्न पाउंदैन ।

(च) स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटको अनुमति लिई पानीको मूल र खोला नालाहरूमा स्थानीय जनतामा पीर बाधा नपर्ने गरी बांध बांध्न, कुलो खन्न, पुल वा कलभर्ट बनाउन र पोखरी जमाउन,

(छ) कामको निमित्त चाहिने आवश्यक मालसामान राख्न र खनिज पदार्थ खन्दा निस्केको ढुङ्गा, माटो र अरू कसिंगरसमेत थुपार्न,

(ज) आफूले ठेक्का पाएका खनिज केलाउन, परीक्षण गर्न र विश्लेषण गर्न गराउन,

(झ) कोक बनाउन र सो कोकको उपयोग गर्न,

(ञ) खानी खोल्ने ठेक्का बमोजिम काम गर्दै जांदा आफूले ठेक्का पाएको खनिज बाहेक अरू खनिज पदार्थ निस्केमा त्यसरी निस्केको खनिज पदार्थकोसमेत लिन चाहेमा ठेक्का पाउन र

(ट) ज्यू धन रक्षाको निमित्त चाहिने हातहतियार, गोली गट्ठा र खानी खोल्न चाहिने विष्फोटक पदार्थ तोकेको तरीकाबाट राख्न र प्राप्तगर्न

(ठ) खानी खोल्ने कामको लागि प्रयोगमा ल्याइने औजार तथा मेशीनरीहरू कति मात्रामा चाहिने हो सो सामानहरू विदेशबाट पैठारी गर्न चाहिने विदेशी मुद्राको प्रबन्धको लागि विभागले हेरी आवश्यकतानुसार उपलब्ध गराइ दिन कोशिश गरिदिनेछ ।

२३. **शर्त बन्देजः**—खानी खोल्ने ठेक्का पाएको व्यक्तिले देहायका शर्त बन्देजभित्र रही काम गर्नपर्छः—

(क) विभागमा बुझाउनुपर्ने दस्तूर यी नियमहरूमा लेखिएको समयमा र नलेखिएकोमा तोकेको समयमा बुझाउनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) जनहित र मुलुकको सुरक्षाको निमित्त छुट्याएका ठाउंहरूमा र प्राचीन स्मारक, शहर, च्यान, मशान, बाटो, घाट, बांध, पैन, पाइप लाइन किल्ला गढी, छाउनी, मन्दिर, मस्जीद, गिर्जाघर वा बस्ने घर कारखाना, इत्यादिको पचास गजभित्र कुनै खानी खोल्न र घर, कारखाना वा गोदाम बनाउनसमेत हुंदैन ।

(ग) ठेक्का पाएको क्षेत्रभित्रको पर्ति जग्गामा घर, गोदाम वा कारखाना बनाउन परेमा स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटको अनुमति लिनुपर्दछ ।

(घ) ठेक्का पाएको क्षेत्रभित्रको कुनै रूख काट्नुपरेमा तोकेको तरीकाले काट्नु कटाउन पर्दछ ।

(ङ) आफूले ठेक्का पाएको क्षेत्रको हाराहारीको ठेकदारलाई आफूले बनाएको ट्राम लाइन, रेल्वेलाइन, बाटो र पानीघाटसमेत मनासिब शर्तमा उपयोग गर्न दिनुपर्दछ ।

(च) कुनै एउटा खनिज पदार्थको खानी खोल्ने ठेक्काको क्षेत्रभित्र विभागले आफैंले वा अरू कुनै ठेकदारलाई ठेक्का दिन अर्को खनिज पदार्थको खोज तलास गर्ने वा खानी खोल्ने काम गर्न गराउन सक्दछ र विभागको यस्तो कार्यवाही उपर खानी खोल्ने ठेक्का लिने व्यक्तिले कुनै किसिमको विरोध गर्न पाउंदैन ।

(छ) काम गर्दै जांदा आफूले ठेक्का लिए बाहेकको अरू नै कुनै खनिज पदार्थ निस्केमा यस्तो खनिज पदार्थ निस्केको नब्बे दिनभित्र विभागमा रिपोर्ट गरी निकासा भए बमोजिम गर्नु गराउनु पर्दछ ।

(ज) ठेक्का पाएको मितिले एकसय असी दिनभित्र खानी खोल्ने काम गर्नुपर्छ र खानी खोल्ने काम गर्दा खनिज धनको बरबादी नहुने तरीकासंग र खनिज पदार्थ माथिका जग्गा जमीन, बाली घर इत्यादिको सकभर नोक्सानी नहुने गरी काम गर्नुपर्छ ।

(झ) खानी खोल्ने काम गर्दा खोलेको टोपा, टनेल, खाल्टो इत्यादिमा कुनै दुर्घटना हुन नपाउने गरी बार लगाउनुसमेत पर्दछ ।

(ञ) खानी खोल्ने काम गर्दा कुनै दुर्घटना परी कुनै व्यक्तिको मृत्यु भएमा वा आफूले ठेक्का पाएको क्षेत्रभित्र कसैको धन सम्पत्तिको हानि नोक्सानी हुन आएमा वा हुने सम्भावना देखिएमा सरोकारवालालाई सूचना र स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटकहां तुरुन्त रिपोर्ट गर्नुपर्छ ।

४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) ठेक्काको म्याद भुक्तान भएको मितिले तीस दिनभित्र आफूले ठेक्का पाएका क्षेत्रको खाल्टो, चनक, टोपा र मासिएको जग्गा पुरी, बार लगाउनु पर्ने ठाउंमा बारसमेत लगाई त्यस क्षेत्रलाई यथास्थितिमा राख्नुपर्छ र त्यस क्षेत्रभित्र जस जसलाई जे जे भुक्तानी दिनुपर्ने हो, सो सबै भुक्तानी दिनु पर्दछ ।

(ठ) नेपाल कानूनभित्र रही जनतासंग मेलजुल राखी काम गर्नुपर्छ ।

(ड) ठेक्काको म्याद भुक्तान भएको एकसय असी दिनभित्र आफूले ठेक्का पाएका क्षेत्रबाट आफ्नो सबै मालसामान हटाउनुपर्दछ । अन्यथा सो मालसामान श्री ५ को सरकारको हुनेछ ।

(ढ) खानी खोल्ने कामको यथार्थ प्लान र सेक्शनको नक्सा राम्रो स्पष्ट बुझिने किसिमसंग राख्नुपर्दछ र सो प्लान वा नक्साहरू मा काम गर्दै जांदा खोलेको टोपा, टनेल, चनक, खाल्टो, ट्रेंचहरू र भौगर्भिक सर्भेको रिपोर्टसमेत रहेको हुनुपर्दछ र यस्ता प्लान र नक्साहरूमा बराबर थप्नुपर्ने कुराहरू थप्दै लैजानु पर्दछ र यसरी तयार गराइएका प्लान नक्सा सालसालै विभागमा पेश गर्नुपर्छ । हरेक ट्रेञ्च, खाल्टो, टोपा, टनेल, चनकको विवरणमा खास गरी निम्नलिखित कुराहरू हुनुपर्छः–

(१) पत्ता लाग्न आएका खनिज पदार्थ ।

(२) एक फूट जमीन मुनिबाट आएको माटो ढुङ्गा इत्यादिका सतह ।

(३) अरू कुनै विशेष कुरा ।

(४) विभागले समय समयमा मांगेको अरू कुनै विवरण ।

र ठेक्काको म्याद भुक्तान भएपछि आफूले गरेको कामको यथार्थ टेक्निकल रिपोर्ट विभागमा पेश गर्नुपर्छ ।

२४. रुपैयां दाखिल गर्नेः–यी नियमहरू बमोजिम विभागमा बुझाउनुपर्ने रुपैयां सो विभागले समय समयमा निर्देश गरेको सरकारी अड्डामा बुझाउनु पर्दछ ।

२५. श्री ५ को सरकारको विशेष अधिकारः–(१) कुनै ठेकदारले ठेक्काको शर्त वखिलाप काम गरी श्री ५ को सरकारलाई कुनै हानि नोक्सानी हुनगएको छ भन्ने लागेमा वा जनहितको निमित्त कुनै खानीको ठेक्का तोड्न आवश्यक देखेमा साधारण परिस्थितिमा ठेकदारलाई एक महीना अगावै सूचना दिई र विशेष परिस्थितिमा नेपाल गजेटमा सूचना प्रकाशित गरी श्री ५ को सरकारले कुनै खानीको ठेक्का तोड्न र ठेकदारले शर्त बखिलाप काम गरेकोमा निज उपर मुद्दा चलाउनसमेत सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम ठेक्का तोडिएकोमा ठेकदारले फिर्ता पाउने भनी श्री ५ को सरकारले ठहऱ्याएको रकम फिर्ता दिइनेछ र श्री ५ को सरकारले मनासिब सम्झेमा कुनै ठेकदारले श्री ५ को सरकारले तोकेको हर्जानासमेत पाउनसक्नेछ।

२६. खानी खोल्ने ठेक्का नामसारी गर्नेः–(१) नियम १५ बमोजिम खानी खोल्ने ठेक्का पाएको व्यक्तिले आफूले पाएको ठेक्का नियम ५ बमोजिम अनुमतिपत्र पाएको कुनै व्यक्तिलाई दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आफ्नो नामको ठेक्का अन्य व्यक्तिलाई दिंदा यसरी दिए बापत बिभागमा एकसय रुपैयां नामसारी दस्तूर बुझाउनु पर्छ ।

स्वीकृत मितिः ०१९।१।४।२.

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव,
उद्योग तथा वाणिज्य मन्त्रालय ।

## अनुसूचि– १

(अनुमतिपत्रको दरखास्त फाराम)

ने.रु. १।– को टिकट । मितिः–

श्रीडाइरेक्टर,
उद्योग वाणिज्य मन्त्रालय, खानी विभाग,

श्रीमान्,

म । हामी........ ले खनिज ठेक (संशोधन र एकीकरण) नियमहरू, २०१८ बमोजिम अनुमतिपत्रको लागि चाहिने दस्तूर ने,रू. .......... शामेल राखी दरखास्त गरेको छु । का छौं, यथाशीध्र अनुमतिपत्र पाऊं ।

१. नाम (क) व्यक्तिको–
(ख) कम्पनीको–

२. (क) नागरिकता–
(ख) कम्पनी रजिष्टर भएको मुलुक–

३. पेशा रोजगार–

४. पूरा ठेगाना–

५. खोज तलास गर्न चाहेको खनिजको नाम–

६. प्राविधि [योग्यता, खानी काममा अनुभव–

७. (१) खानी काममा सुचारुरूपले चलाउनालाई लगाउन चाहेको मूलधन–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बैंकको प्रमाणपत्र (परिपत्र)–

८. साल साल कर अथवा पांच दिएको अंक–

९. अनुमतिपत्र पहिले पाइसकेको भए त्यसको नं. र मिति–

१०. खानी काम गर्न खोजेको मतलब–

११. दरखास्तवालाले देखाउन चाहेको योभन्दा बढी कुनै कुरा–

उपरोक्त सबै व्यहोरा सांचो हो र झुट्ठा व्यहोरा लेखिएको ठहरेमा नेपाल कानून बमोजिम सहुंला बुझाउंला ।

भवदीय,
(दरखास्तवालाको दस्तखत)

## अनुसूचि–२

(खोज तलासगर्ने ठेक्काको दरखास्त फाराम)

न.रू. १।– को टिकट । मिति:–

दर्ता........ मिति.... समय...

सिलसिलेवार नं.–

श्री डाइरेक्टर,

उद्योग वाणिज्य मन्त्रालय, खानी विभाग ।

श्रीमान्,

खनिज ठेक (संशोधन र एकीकरण) नियमहरू, २०१८ बमोजिम को खनिज खोज तलास गर्ने ठेक्काका लागि दरखास्त गरेको छु । छौं ।

१. नाम–

(क) व्यक्ति–

(ख) कम्पनी–

२. (क) नागरिकता–

(ख) कम्पनी रजिष्टर भएको मुलुक–

३. पेशा रोजगार–

४. पूरा ठेगाना–

५. खोज तलास गर्न चाहेको खनिजको नाम–

६. नयां लाइसेंस मांगेको वा म्याद थप मांगेको–

७. अनुमतिपत्रको सिलसिलेवार नं.. मिति म्याद थप भएको मिति–

८. खोज तलास गर्न मांगेको म्याद–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. खोज तलास गर्ने कामको निमित्त मांगेको क्षेत्रको लमाइ– चौडाइ–
क्षेत्रफल– वर्गमील–

१०. सो ठाउंको संक्षिप्त विवरण–

११. सो ठाउंको नक्सा– स्केल–

१२. कर वा पोत बुझाएको रसीदको नक्कल–

१३. दरखास्त वालाले लेख्न चाहेको अरू कुनै कुरा–

१४. (क) काम आफैंले गर्ने भएमा प्राविधिक योग्यता र अनुभव–
(ख) प्राविधिज्ञ लगाई काम गर्ने भए प्राविधिज्ञको नाम थर वतन
योग्यता– अनुभव–

उपरोक्त सबै व्यहोरा सांचो हो र झुट्ठा व्यहोरा लेखिएको ठहरेमा नेपाल कानून बमोजिम सहुंला बुझाउंला। नेपाल कानूनभित्र रही काम गर्न र बुझाउनुपर्ने दस्तूर धरौटी बुझाउन र अरू कुनै व्यहोरा खुलाई लेख्नपरेमा लेख्नमा समेत मञ्जूरछ।

ठाउं– भवदीय,
मिति– (दरखास्तवालाको दस्तखत)

## अनुसूचि–३

(खानी खोल्ने ठेक्को दरखास्त फाराम)

ने. रू. १।– को टिकट। मिति:–
दर्ता मिति–
समय–
सिलसिलेवार नं.........

श्री डाइरेक्टर,
उद्योग वाणिज्य मन्त्रालय, खानी विभाग।

श्रीमान्,

खनिज ठेक (संशोधन र एकीकरण) नियमहरू, २०१८ बमोजिम मिति नं. को खनिज खोज तलास गर्ने ठेक्का लिई सो ठेक्का बमोजिम खोज तलासको काम गरी प्राविधिक रिपोर्ट नक्सा इत्यादि र दस्तूर ने.रू. शामेल राखी निम्नलिखित चाहिने कुराहरू खोली खनिजको खानी खोल्न तथा तत्सम्बन्धी काम गर्नको लागि ठेक्का लिन मनसुवा भएकोले दरखास्त गरेको छु।छौं।

१. नाम–
(व्यक्ति वा कम्पनी)

२. व्यक्तिको नागरिकता–
कम्पनीको रजिष्टर भएको मुलुक–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. व्यक्तिको पेशा रोजगार–

४. पूरा ठेगाना–

५. ठेक्का मागेको खनिजको नाम–

६. नयां ठेक्का मागेको वा म्याद थप मागेको–

७. अनुमतिपत्रको सिलसिलेवार नं. मिति.... (नक्कलसमेत)

८. खनिज खोज तलास गर्नालाई पाएको लाइसेंस मिति म्याद

९. ठेक्काको लागि मागेको म्याद–

१०. ठेक्काको जग्गाको पूरा बयान–

११. जिल्ला तालुक नापी लमाइ

चौडाइ क्षेत्रफल

१२. पहिलो साल खानीबाट झिक्न चाहेको खनिजको परिमाण–

१३. काम गर्न चाहेको तरीका–

१४. खनिज खनेको के कुन काममा लगाउन चाहेको–

(क) मुलुकभित्र काम लगाउने भए (कुन के काम)

(ख) निकासी गर्ने भए (कुन मुलुकमा कोरा रूपमा अथवा केलाइसकेपछि)

१५. दरखास्तवाला आफ्नो रेखदेखमा काम गराउन चाहन्छ, अथवा कुनै प्राविधिज्ञ लगाई काम गर्न चाहन्छ।



मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।